जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २४९ | २०८० साल बैशाख २५ गते सोमबार (8 May 2023 Monday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुबै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : अर्थतन्त्रमा समस्या भए... २ पृष्ठमा : चीन र भियतनामले बेइबु ...४ पृष्ठमा : फोहोर र प्रदुषण अन्त्य गर्न तथा..

## आत्महत्याका घटना सप्तरीमा भयावह बन्दै

# एकै दिन दुई महिलासहित तीन जनाले गरे आत्महत्या, आत्महत्याको प्रयास गरेकी अर्की महिलाको अवस्था गम्भिर

**– तीन महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या : ३०**
**– चालु आ.ब. २०७९/८० को हालसम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या : ८९**
**– गत आ.ब. २०७८/७९ मा विष सेवन तथा झुण्डिएर आत्महत्या गर्नेको संख्या : १३६**

**दैनिक समाचारदाता**
**राजविराज, २४ बैशाख ।**

सप्तरी जिल्लामा आत्महत्याका घटना भयावह बन्दै गएको छ । आईतवार एकै दिन दुई महिलासहित तीन जनाले झुण्डिएर आत्महत्या गरेका छन् भने आत्महत्याको प्रयास गरेकी अर्की एक महिलाको अवस्था गम्भिर छ ।

प्रहरीका अनुसार जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १४ की २१ वर्षिया सोनी कुमारी साह, राजविराज नगरपालिका १ की १८ वर्षिया बेबी भन्ने देवी कुमारी यादव र राजगढ गाउँपालिका ५ का २५ वर्षिय बिवेक साहले छुट्टछुट्टै स्थानमा झुण्डिएर आत्महत्या गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहका अनुसार सोनी र बेवी भन्ने देवीले आफु बस्ने डेरा तथा घरमा र बिवेकले होटल कोठामा झुण्डीएर आत्महत्या गरेका हुन । तीनै जना बिहान क्रमश: डेरा, घर र होटल कोठामा झुण्डिएको अवस्थामा फेला परेको प्रहरीको भनाई छ ।

मृतक तीनै जनाको शव परिक्षणका लागी गजेन्द्र नारायाण्ख सिह अस्पतालमा पठाई घटनाबारे थप अनुसन्धान भइरहेको डिएसपी सिहले जानकारी दिए ।

राजगढ गाउँपालिका घर भइ हाल राजविराज ७ मा इलोक्ट्रोनिक्स पसल संचालन गर्दै आएका बिवेकले ४० किलो मिटर टाढा सप्तकोशी नगरपालिका १ फत्तेपुरस्थित इन्द्रेणी होटल एण्ड लँजको कोठा नं. १०४ मा झुण्डिएर आत्महत्या गरेको प्रहरीको भनाई छ ।



फायल तस्बिर

यस्तै हनुमाननगर कंकालिनी नगरपालिका घर भई हाल राजविराज नगरपालिका २ मा डेरा लिई बस्दै आएकी सोनी सोही डेरामा तथा राजविराज १ की बेवी आफ्नै घरमा झुण्डिएर आत्महत्या गरेको प्रहरीले जनाएको छ ।

यस्तै आईतवारै बिहान घरायसी विवादमा विषादी सेवन गरेकी राजविराज नगरपालिका ६ खर्साल टोलकी ३५ वर्षिया तिलाठी मण्डलको स्थानीय गजेन्द्र नारायण सिह अस्पताल राजविराजमा उपचार भईरहेको प्रहरीले जनाएको छ । नाम नखुलेको विषादी सेवन गरेरे गम्भीर अवस्थामा पुगेकी उनको उपचार जारी रहेको अस्पतालले जनाएको छ ।

जिल्लामा तीन महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ३० पुगेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.ब. २०७९/८० को हालसम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ८९ पुगेको छ । गत आ.ब. २०७८/७९ मा विष सेवन तथा झुण्डिएर १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

यता आत्महत्याको दर बढ्ने क्रम जारी रहदा स्थानीय समाज र प्रशासनले विभिन्न प्रयास थालेपनि न्यूनिकरण हुन भने सकेको छैन । प्रहरीले विगत तीन महिना यता आत्महत्या घट्ना न्युनिकरणका लागी विभिन्न पालिकामा सचेतना अभियान नै चलाएको छ । तर, पनि आत्महत्याका घटना दिनहुँजसो हुन थालेपछि यो विषय सबैको लागी टाउको दुखाई बनेको छ ।

विभिन्न घरायसी समस्या, श्रीमान श्रीमतीबीच वादविवाद, ऋणमा डुबेको, प्रेममा असफल, व्यापार घाटा, बेराजगारी लगायत अन्य विभिन्न समस्यासँग संघर्ष गर्न नसकि बाध्य भई आत्महत्याको बाटो रोज्नु परेको प्रहरीको तथ्याङ्कले देखाएको छ ।

## राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पत्रकार महासंघ सप्तरीकी उपाध्यक्ष दाहाल सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २४ बैशाख ।**

सरकारले राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा राष्ट्रिय पत्रकारिता पुरस्कारबाट नेपाल पत्रकार महासंघ सप्तरीकी उपाध्यक्ष अम्बिका दाहालसहित ६ जना पत्रकारलाई सम्मान गरेको छ ।

सम्मानित हुनेहरुमा पत्रकार अम्बिका दाहाल, अनिता बिन्दु, गणेश लम्साल, गम्भीरा सहनी, रामकृष्ण ज्ञवाली र लक्ष्मी आचार्य छन् ।

मन्त्रालयले निष्पक्ष, उत्तरदायी, खोजमूलक र विश्लेषनात्मक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुर्‍याएको भन्दै उहाँहरुलाई सम्मान गरेको हो ।

आठौं राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आयोजनामा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ र सञ्चार मन्त्री रेखा शर्माद्वारा वरिष्ठ पत्रकार सम्मानबाट पत्रकार राजेन्द्र दाहाल र बलराम थापा सम्मानित भएका हुन् ।

पुस्कृत पत्रकार राजेन्द्र दाहालले आमसञ्चार तथा पत्रकारितासम्बन्धी अध्ययन, अनुसन्धान र बिश्लेषण गर्ने संस्थाको स्थापना गर्न सरकारको ध्यानआर्कषण गराए ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष बिपुल पोखरेलले आमसञ्चार तथा पत्रकारितामा आवश्यक लगानी र नीति बनाउनतर्फ सरकारको ध्यानआर्कषण गराए ।

वरिष्ठ पत्रकारबाट सम्मानित हुनेलाई कदरपत्रसहित दुई लाख र राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पुरस्कृतलाई कदरपत्रसहित एक लाख प्रदान गरिएको छ ।

## नेपाली नागरिकता बनाउने १० भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, २४ बैशाख ।**

नेपाली नागरिकता बनाएको आरोपमा प्रहरीले १० जना भारतीय नागरिकलाई पक्राउ गरेको छ। प्रहरीले तीन महिना लामो अनुसन्धानपछि उनीहरुलाई काठमाडौंको कलंकी, संखमुल, ललितपुरको पाटन लगायतका क्षेत्रबाट शनिबार पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारत बिहार

***बाँकी अन्तिम पृष्ठमा***

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

## सम्पादकीय ....

# किसानको समस्याप्रति कीन गम्भिर हुदैन सरकार !

सप्तरीका किसानहरुप्रति तीनै तहका सरकार गम्भिर भएको देखिदैन् । कृषिका लागि उर्भर भूमी मानिएको सप्तरीका किसानहरु जहिले पनि निकै कष्टकरका साथ खेती गर्न बाध्य छन् । अहिलेको समयमा आकाशे पानीको भरमा मात्र खेती गर्न सम्भव नरहेकाले जिल्लामा हालसम्म सिंचाईको उचित व्यवस्था हुन सकेको छैन् । यति मात्र नभएर यहाँका किसानहरुलाई समयमा आवश्यकता अनुसारको मल खाद, बिउ बिजन लगायतका आवश्यक सामग्रीहरु उपलब्ध नहँुदा निकै समस्या खेप्नुपरीरहेको छ ।

नेपाल कृषि प्रधान देश भन्ने अहिले उखानमै सीमित भएको छ । दिनभरी करायो दक्षिणा हरायौ भन्ने उखान झै यहाँका किसानहरुको यस्तै समस्याबाट पीडित छन् । असार महिना लागेपछि किसानहरु सिंचाईको उचित व्यवस्था नभएका कारणले धानको बेर्ना समेत छर्न पाउदैनन् । सिंचाईको उचित व्यवस्था तथा समयमा बर्षा पनि नहँुदा बर्षेनी यहाँका किसानहरुलाई यी यस्ता समस्याहरुले निकै पिरोलिने गरेका छन् । तर, पनि किसानहरुको समस्या समाधानका लागि राज्य तथा सम्बन्धित कुनै निकायको ध्यान जान सकेका छैन ।

सिंचाईको लागि पटक पटक यहाँका किसानहरुले सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि सम्बन्धित निकाय कानमा तेल हालेर सुतेका हुन्छन । त्यस्तै समयमा आवश्यकता अनुसारको मल, खाद तथा बिउ बिजनहरु समेत यहाँका किसानहरुलाई उपलब्ध नहँुदा यहाँका किसानहरुलाई दोहरो समस्या खेप्नुपरीरहेका छन । माँग अनुसारको मल खाद उपलब्ध नभएकै कारणले यहाँका किसानहरु बाध्य भएर छिमेकी मुलुक भारतबाट चर्को मुल्य तिरेर मलखाद प्रयोग गर्न बाध्य हुन्छन् । तसर्थ किसानहरु समस्यै समस्याले ग्रसित हुँदा समाधानका लागि सरकार तथा सम्बन्धित निकायले गम्भिरता देखाउनु आवश्यक छ ।

# अर्थतन्त्रमा समस्या भए पनि चिन्ताजनक अवस्था छैन : प्रधानमन्त्री

काठमाडौँ, २४ वैशाख (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अहिले मुलुकको अर्थतन्त्र समस्यामा भए पनि सुधारका प्रयास चालिरहेकाले चिन्ताजनक अवस्थामा नरहेको बताउनु भएको छ ।

'नेपाल व्यवसाय शिखर सम्मेलन-२०२३' कार्यक्रममा प्रधानमन्त्री दाहालले गत वर्षदेखि मुलुकको अर्थतन्त्र संकटमा जाने लागेको भनेर आतंक सिर्जना भएकोमा अहिले त्यो बिस्तारै कम हुँदै गएको बताउनुभएको हो ।

"नेपालको अर्थतन्त्र श्रीलंका जस्तो टाट पल्टिन लाग्यो भनेर गतवर्ष जुन आतंक सिर्जना भएको थियो, अहिले त्यो आतंक त्यति छैन । हामी अहिले श्रीलंकाको उदाहरण दिँदैनौं", प्रधानमन्त्री दाहालले भन्नुभयो, "अर्थतन्त्रको समस्या गम्भीर छ । तर हामी आतंकित हुनुपर्ने अवस्था छैन । यसलाई कसरी सहज तुल्याउने भन्नेतर्फ सरकार केन्द्रित छ ।"

कोभिड-१९ महामारी र रूस-युक्रेन युद्धसहित विश्वमा विकसित विभिन्न राजनीतिक तथा आर्थिक परिघटनाका कारण नेपालको अर्थतन्त्र प्रभावित भएको प्रधानमन्त्री दाहालले बताउनुभयो । अर्थतन्त्र सुधारका लागि सबै पक्ष उत्तिकै जिम्मेवार भएर लाग्नुपर्ने पनि उहाँको भनाइ छ ।

अर्थतन्त्रको खराब अवस्था चलिरहँदा सरकार, मातहतका निकाय, विकास साझेदार, प्रमुख राजनीतिक दल र सरोकारवाला सम्पूर्ण पक्षहरू एकाकार भई आर्थिक गतिविधिलाई तीव्र बनाउन लाग्नुपर्ने दाहालले बताउनुभयो ।

संकटपूर्ण अवस्थामा रहेको अर्थतन्त्रलाई गतिशील बनाउनु वर्तमान अवस्थाको प्रमुख आवश्यकता रहेको पनि प्रधानमन्त्रीको भनाइ छ । "विभिन्न आन्तरिक तथा बाह्य आर्थिक गतिविधिमार्फत् आर्थिक वृद्धि हासिल गर्न सरकार पूर्ण सजगता र सक्रियताका साथ लागि परिरहेको छ । विभिन्न चुनौतीका बाबजूद अहिले देशको अर्थतन्त्रको अवस्था क्रमशः सुधारोन्मुख हुँदै गएको कुरा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आँकडाहरूले प्रष्ट पारेका छन्", उहाँले भन्नुभयो ।

अन्य विकसित र विकासशील मुलकहरूको अर्थतन्त्रमासमेत शिथिलता देखिन सक्ने भनी अन्तर्राष्ट्रिय मुद्राकोष तथा विश्व बैंकलगायत निकायहरुले गरेको प्रक्षेपणका बाबजुद नेपालको अर्थतन्त्रमा बिस्तारै सुधार हुँदै गएको प्रधानमन्त्री दाहालको दाबी छ ।

"विगत केही समयदेखि शोधानान्तर बचत रहेको, वैदेशिक मुद्राको सञ्चितिको अवस्थामा सुधार भएको, आयातको परिमाणमा कमी आएको, विप्रेषणमा उत्साहजनक वृद्धि भएको हुनाले देशको समग्र अर्थतन्त्रको बाह्य क्षेत्रको अवस्था सुधारोन्मुख छ", उहाँले भन्नुभयो ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटले नेपालको आन्तरिक स्रोत प्रयोगबाट आर्थिक समृद्धि हासिल गर्न सकिने विषयलाई प्राथमिकतामा राख्ने पनि उहाँको भनाइ छ । "नेपाल जल, जमिन, जडीबुटी, जंगल र युवा जनशक्ति जस्ता स्रोतहरूले भरिपूर्ण देश हो । यिनै क्षेत्रहरूमा देखिएका प्रचुर सम्भावनाहरूको खोजी, परिचालन एवं उपयोग बिना समृद्ध नेपाल निर्माण सम्भव देखिँदैन", उहाँले भन्नुभयो, "तीव्र आर्थिक वृद्धिका लागि कृषि तथा वन पैदावार, पर्यटन, जलविद्युत, सूचना प्रविधिलगायतका प्रचुर सम्भावना बोकेका क्षेत्रहरूमा स्वेदशी/वैदेशिक लगानी विस्तार

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# चीन र भियतनामले बेइबु खाडीमा १० करोड माछा छाडे

नानिङ, २४ वैशाख (रासस-सिन्ह्वा) ।

चीन र भियतनामका कृषि अधिकारीहरूले शनिबार दिउँसो बेइबु खाडीको पानीमा करिब १० करोड माछा छाडेका छन् ।

दुई देशले संयुक्त रूपम बेइबु खाडीमा माछापालनका स्रोतहरू पुनर्स्थापना गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रम दक्षिण चीनको गुआङ्सी झुआङ स्वायत्त क्षेत्रको सीमावर्ती शहर फाङ्चेनगङ्मा भएको थियो।

यस वर्षको कार्यक्रम अन्तर्गत ब्ल्याक सी ब्रीम, येलोफिन सी ब्रीम र झींगा माछा लगायत आठ प्रजातिका जलीय जीवहरूलाई बेइबु खाडीको पानीमा छाडिएको थियो।

चीन-भियतनाम माछापालन सहयोगको लामो इतिहास रहेको र यस्तै अन्य क्षेत्रमा दुई देशबीचको सकारात्मक अन्तरक्रिया र सहयोगले दुवै पक्षका जनतालाई ठोस लाभ दिएको पनि कृषि तथा ग्रामीण मामिलाका उपमन्त्री मा यु छ्याङले बताउँनु भएको छ ।

सन् २०१७ देखि चीन र भियतनामले बेइबु खाडीमा पाँचवटा समान कार्यक्रमहरू सञ्चालन गरेका छन् जसमा चीनद्वारा २२६ मिलियन भन्दा बढी माछा र झिंगाहरू संरक्षण गरिएको छ ।

# मुसलधारे वर्षाले कङ्गोमा १७५ भन्दा बढीको ज्यान लियो

किन्शासा, २४ वैशाख (रासस-एएनआई) ।

कङ्गोमा भारी वर्षाका कारण १७५ जनाभन्दा बढीको ज्यान गएको छ । वर्षाबाट देशभर व्यापक क्षति भएको छ भने थुप्रै गाउँहरू तहसनहस भएका छन् । अल जजीराले क्षेत्रीय अधिकारीहरूलाई उद्धृत गर्दै सोबारे उल्लेख गरेको छ ।

दक्षिण किभुको प्रान्तीय कार्यालयले जारी गरेको विज्ञप्तिअनुसार बिहीबारको मुसलधारे बर्षाले प्रान्तको एउटा नदीमा पानी मात्रा बढेको छ र त्यसले गर्दा बुसुका गाउँहरूमा ठूलो क जनधनको क्षति भएको छ ।

सामाजिक सञ्जालमा भाइरल भइरहेका तस्बिरहरूले मौसम सफा भइसकेको देखाएको छ । मध्य-अफ्रिकी देशका अधिकांश भागमा भारी बर्षाका कारण व्यापक विनाश भएको छ । यसै बीच दक्षिण किभुमा पहिरो र बाढीका घटनाहरू बढेका छन् ।

दक्षिण किभुका गभर्नर थियो नग्वाबिदजे कासीले १७६ जनाको ज्यान गएको जानकारी दिँदै केही व्यक्तिहरू अझै हराइरहेको बताएका छन् । हालैको बाढीले कङ्गोमा विभिन्न सशस्त्र समूहहरू बीचको दशकौंदेखिको द्वन्द्वले ल्याएको वर्तमान मानवीय अवस्थालाई थप दर्दनाक बनाएको छ ।

हालैको संयुक्त राष्ट्रसंघको जनगणना अनुसार त्यहाँ कम्तिमा १२२ विद्रोही गुटहरू छन् भने विगत २५ वर्षभन्दा बढी समयदेखि लडिरहेका छन् ।

# टेक्सासको मलमा गोली चल्दा बन्दुकधारीसहित नौ जनाको मृत्यु

वाशिङ्टन, २४ वैशाख (रासस-एएनआई) ।

अमेरिकाको डलास नजिकैको एउटा आउटलेट मलमा भएको गोलीकाण्डमा कम्तीमा नौ जनाको मृत्यु भएको छ भने सातजना घाइते भएका छन् । न्युयोर्क टाइम्सले शनिबार राति अधिकारीहरूलाई उद्धृत गर्दै सो घटनाबारे जानकारी दिएको छ । एलेन, टेक्सासका प्रहरी प्रमुख ब्रायन ई हार्वेले शनिबार राति पत्रकार सम्मेलनमा बताएअनुसार बन्दुकधारीको अझै पहिचान हुन सकेको छैन ।

गोली चलेको समयमा मलमा अर्कोतिर रहेका एकजना प्रहरी अधिकारीले बन्दुकको आवाज सुनेपछि त्यसतर्फ दौडिएको र आक्रमणकारीलाई गोली हानेको बताएका छन् । न्युयोर्क टाइम्सका अनुसार दिउँसो ३.३० बजे (स्थानीय समय) अनुसार, डलासबाट २५ माईल उत्तरमा रहेको १२० भन्दा बढी खुद्रा बिक्रेता भएको बाहिरी किनमेल केन्द्र, एलेन प्रिमियम आउटलेटमा गोली हानाहान भएको हो । यता सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले कालो लुगा लगाएको, लामो राइफल बोकेको आक्रमणकारीलाई भुइँमा लडिरहेको तस्बीर सामाजिक सञ्जालमा पोस्ट गरेका छन्।

घटनास्थलबाट खिचिएको भिडियोमा सयौं उपभोक्ता सो क्षेत्र छाडेर दौडेको देखिएको छ । हवाई फुटेजमा कम्तीमा तीनवटा शव मल बाहिर छोपेर राखिएको देखाइएको छ । एलेन, टेक्सासका फायर चीफ जोनाथन बॉयडले नौ जना घाइतेलाई अस्पताल लगिएको बताएका छन् ।

"अस्पताल पुर्याइएका घाइतेमध्ये, दुई जनाको मृत्यु भइसकेको छ । तीन जनाको गम्भीर प्रकृतिको शल्यक्रिया भइरहेको र चारजनाको स्वास्थ्य स्थिर रहेको छ", बोइडले बताएका छन् । एलेनमा भएको सामूहिक गोलीबारी देशभरि बन्दुक आक्रमणको लामो लाइनमा सबैभन्दा पछिल्लो हो जसले पसल, अस्पताल, विद्यालय र अन्य सार्वजनिक ठाउँहरूलाई आतङ्कित पारेको छ जुन सामान्यतया सुरक्षित मानिन्छ ।

यस आक्रमणलाई टेक्सासका गभर्नर ग्रेग एबोटले 'अवर्णनीय त्रासदी' भनेका छन् । शनिबारको घटना मोन्टेरी पार्क क्यालिफोर्नियामा भएको नरसंहारपछि वर्षको दोस्रो सबैभन्दा घातक गोलीबारी हो जसमा एकजना बन्दुकधारीले गत २१ जनवरीमा बलरूममा ११ जनाको हत्या गरेको थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय, बोदेवसाईन, सप्तरीको २१ दिने सूचना

*मिति : २०८०/०१/२५*

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमाकर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**तपसिल :**

| क.स. | आई डी.नं. | ऋणीको नाम | मिसिल नं. | कर्जा ग्राहक वा प्रोपराइटरको वुवा/पति को नाम | गा.वि.स. | वा.नं. | उदेश्य | ०७९ चैत्र मसान्तसम्मको भाखा नाघेको वाकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सावा | व्याज | जम्मा |
| १ | १८१२८९२ | पलास देवी चौधरी | ५२९२ | सुन्दर लाल | अर्नाहा | ४ | सरल कृषि कर्जा | ० | ७०००० | ७०००० |
| २ | ९९१७९१ | सन्तोषी कुखुरा फर्म | ३२५१ | शिव नारायण | औरही | ६ | सरल कृषि कर्जा | ० | ७०००० | ७०००० |
| ३ | १८२७८५३ | माँ काली कृषि फर्म | ५२८८ | कनिन्द्र प्रसाद | मलहनिया | १ | सरल कृषि कर्जा | ० | ३५००० | ३५००० |
| ४ | १७३५६०२ | गुप्ता किराना पसल | ५७५८ | भेला प्रसाद साह | ब.वि.मौवाहा | ३ | ब्यापार | ० | ३८००० | ३८००० |
| ५ | १९८३९५० | आरती भारती बस्त्रालय भण्डार | ५८९५ | बिधानाथ यादव | ब.वि.मौवाहा | ३ | ब्यापार | ० | ९५००० | ९५००० |
| ६ | १९८३९५० | बबिता कुमारी चौधरी | ५९२० | मुसहरु चौधरी | बनौला | ८ | सरल कृषि कर्जा | ० | ५२००० | ५२००० |
| ७ | ९९२१६२ | रामभा देवी यादव | ५५१५ | छुतहरु | बेल्ही | १ | सरल कृषि कर्जा | ० | ८००० | ८००० |
| ८ | १४५५१८९ | सृजना कुमारी यादव | ५६०१ | कामेश्वर यादव | भुतही | १ | सहुलियत कर्जा | २६००० | ३००० | २९००० |
| ९ | १७३५ ३६८ | सुर्य नारायण यादव | ५०२३ | जगेश्वर यादव | भुतही | ९ | सरल कृषि कर्जा | | ७०००० | ७०००० |
| १० | १६००४५८ | आचलन देवी यादव | ५६७९ | मुनेश्वर यादव | भुतही | ९ | सरल कृषि कर्जा | ३००००० | २०००० | ३२०००० |
| ११ | ९९२११५ | कामेश्वर यादव | ५४६५ | जनक यादव | बोदेवसाईन | ०२ | घरायसी | ० | २२००० | २२००० |
| १२ | १८०२५२८ | मिथलेश कुमार यादव | ५७८८ | रामअशिष यादव | बोदेवसाईन | ०३ | सरल कृषि कर्जा | ० | १२००० | १२००० |
| १३ | १८०८०६४ | गंगाधर साह | ५६६३ क | बासुदेव साह | बोदेवसाईन | ०३ | सरल कृषि कर्जा | ० | ४५००० | ४५००० |
| १४ | १८४९२९६ | ममता फैन्सी जेनरल स्टोर्स | ५४९५ | ममता कुमारी साह | बोदेवसाईन | ०५ | ब्यापार | ० | ७५००० | ७५००० |
| १५ | १९८७४६९ | सत्यम ट्रेडर्स | ५४९५ | बिना देवी | बोदेवसाईन | ५ | ब्यापार | ० | १६०००० | १६०००० |
| १६ | १५३२५६३ | बलराम पंडित कुमहार | ५६४० | गंगाई पंडित | बोदेवसाईन | ०४ | कर्मचारी | ० | ४०००० | ४०००० |
| १७ | ९९१९६१ | चन्दन ट्रेडर्स | ४९१५ | राम नारायण चौधरी | ब्रहमपुर | ३ | सरल कृषि कर्जा | ० | ३५०००० | ३५०००० |
| १८ | १७९७९९४ | सिता बाख तथा मत्सय पालन | ५८०१ | सिता चौधरी | डाक्नेश्वरी | २ | सहुलियत कर्जा | ० | ३०००० | ३०००० |
| १९ | १८०९०२९ | सुरज पोल्टी फर्म | ४९७९ | राम कुमार साह | डाक्नेश्वरी | ०७ | सरल कृषि कर्जा | ० | ५५००० | ५५००० |
| २० | १८४४४९४ | न्यु मिथिला मदिरा पसल | ५८४० | राम कृष्ण यादव | डाक्नेश्वरी | ०६ | कर्मचारी कर्जा | ० | ७०००० | ७०००० |
| २१ | १५८०१३७ | योगेन्द्र प्रसाद मंडल | ५६६७ | कान्ती लाल मंडल | बोदेवसाईन | ९ | कृषि कर्जा | २८२०१५ | ३००० | २८५००० |
| २२ | १५६८६४६ | भरत लाल यादव | ५६६३ | सुब्बा लाल | देउरी | २ | कृषि कर्जा | १४०००० | २५०० | १४२५०० |
| २३ | १७२१२०८ | रामझरी दृवी यादव | ५७५० | सहदेव यादव | धनगढी | ६ | सरल कृषि कर्जा | ० | ४५००० | ४५००० |
| २४ | १५५००९६ | माल्ती देवी मंडल | ५६६० | जुगत लाल | धनगढी | ८ | सरल कृषि कर्जा | ० | ५०००० | ५०००० |
| २५ | १५८६७०२ | जिवछ यादव | ३११६ | दशन सडक | धनगढी | ३ | कृषि कर्जा | १०७५०० | ५००० | ११२५०० |
| २६ | १८०८६६३ | धरमेन्द्र प्रसाद यादव | ५८११ | रामलखन यादव | धनगढी | २ | सरल कृषि कर्जा | २९९००० | १०००० | ३०९००० |
| २७ | ९९१८१० | एम.पि.पि.हाडवेर एण्ड सप्लायर्स | ३७६४ | बिनिता कुमारी | कबिलासा | २ | कृषि कर्जा | ० | २६५००० | २६५००० |
| २८ | १९६३६५६ | रिता कुमारी चौधरी | ५९१३ | हरी चोधरी | कबिलासा | २ | ब्यापार | ० | ४५००० | ४५००० |
| २९ | ९९२२०३ | ललिता यादव | ५५५९ | बैज नाथ | काचन | १ | घरायसी | ० | ८०००० | ८०००० |
| ३० | १८४९१०६ | लक्ष्मी किराना पसल | १७५४ | भुबनेश्वर | कबिलासा | ४ | ब्यापार | ० | २२०००० | २२०००० |
| ३१ | ९९१९३४ | ओम नमःशिवाय खरिद बिकी केन्द्र | ४७९२ | बिनाद कु साह | काचन | ०२ | ब्यापार | ० | ५५००० | ५५००० |
| ३२ | १७९७०५८ | लक्ष्मी किराना जेनरल स्टोर्स | ५८१५ | धरमेन्द्र क साह | खड्क न.पा | १ | ब्यपार | ० | ४५००० | ४५००० |
| ३३ | १५४३७०८ | मनोज कुमार यादव | | रामदेव यादव | खड्कपुर | १० | कृषि कर्जा | २००००० | ११००० | २१०००० |
| ३४ | ९९२०२३ | सुरज यादव | | रामरतन यादव | खड्कपुर | ०१ | | ० | १२५००० | १२५००० |
| ३५ | ९९२२२० | मन्जु देवी यादव | ५५७६ | खुशि लाल यादव | खड्कपुर | ०४ | घरायसी | ० | २२००० | २२००० |
| ३६ | ९९२१०६ | न्यू राज ट्रेडर्स | ५४५२ | राज कुमार यादव | खड्कपुर | ०४ | ब्यापार | ० | १२०००० | १२०००० |
| ३७ | १५३७५०२ | बिरेन्द्र कुमार मंडल | ५६४४ | रास लाल | मलहनीया | ३ | कृषि कर्जा | १९८००० | १००० | १९९००० |
| ३८ | १७५०९११ | अभिशेख किराना पसल एण्ड जेनरल स्टोर्स | ५४७५ | प्रमोद कु.साह | मलहनीया | ९ | ब्यापार | ० | ९०००० | ९०००० |
| ३० | ९९१९९० | सुन्दर चौधरी | ४९७२ | छरु चौधरी | मानराजा | ३ | सरल कृषि कर्जा | ० | ६००० | ६००० |
| ४० | १५७८१०५ | रेखा कुमारी यादव | | | मानराजा | ५ | कृषि कर्जा | ४००००० | ८००० | ४०८००० |
| ४१ | १५१४३५४ | राम नारायण यादव | ४७९१ | ज्गादिश यादव | मानराजा | | कृषि कर्जा | ० | ६०००० | ६०००० |
| ४२ | ९९१८८० | सबिता कुमारी यादव | ४४७४ | दिलिप यादव | मानराजा | ८ | घरायसी | ० | १२००० | १२००० |
| ४३ | ९९२२४२ | तारा देवी साह | ५५९९ | कुन्तु साह | मौवाहा | ५ | घरायसी | ० | ३५००० | ३५००० |
| ४४ | ९९१९६७ | बौकी देवी यादव | ४९३३ | सुकदेव यादव | नेड्रा | ८ | घरायसी | ० | १०५००० | १०५००० |
| ४५ | १६२७५८९ | अनारबत्ति देवी यादव | ४७५६ | बिजुलि यादव | रामनगर | २ | सरल कृषि कर्जा | ४००००० | ३०००० | ४३०००० |
| ४६ | ९९१९२६ | पुष्पा जेनरल ट्रेडर्स | ४७५५ | बिमल प्र. यादव | रामनगर | १ | ब्यापार | ९००००० | ९०००० | ९९०००० |
| ४७ | ९९१९८६ | नवदुर्गा भगवती टेलर | ४९६५ | हेम संकर साह | सारसर | ९ | ब्यापार | ० | ३७००० | ३७००० |
| ४८ | १९७२२६३ | फुलकुमारी कृषि र्फम | ३४७३ | फुल कुमारी | सुरुगा | ११ | सहुलियत कर्जा | ० | १०५००० | १०५००० |
| ४९ | १९७४०२४ | इन्द्र पशुपंक्षी तथा कृषि र्फम | | बुलन्ती कुमारी साह | सुरुगा | ११ | सरल कृषि कर्जा | ० | ४५००० | ४५००० |
| ५० | १४५५२८८ | सावित्री मण्डल | ५६०५ | राज कुमार मण्डल | पातो | १ | सहुलियत कर्जा | ३३३३४ | ७००० | ४०३३४ |
| ५१ | १४५५३०९ | फुल कुमारी चौधरी | ५६०२ | शिव प्र. चौधरी | पातो | ४ | सहुलियत कर्जा | २८५०० | ५००० | ३३५०० |
| ५२ | १४५५३२० | रामरती चौधरी थरुनी | ५६१५ | रामदयाल चौधरी | पातो | ४ | सहुलियत कर्जा | ३३३०० | ४००० | ३७३०० |
| ५३ | १४५५३७३ | हसिना खातुन | ५६१२ | दुखी मियाँ | पातो | ६ | सहुलियत कर्जा | ५७००० | १५००० | ७२००० |
| ५४ | १४५५४१४ | सहिदन खातुन | ५६१७ | मो. सकुर मियाँ | पातो | ६ | सहुलियत कर्जा | ३३५०० | ५००० | ३८५०० |
| ५५ | १४५५३९२ | सवुजन खातुन | ५६११ | मो.अव्दुल सलाम | पातो | ६ | सहुलियत कर्जा | ३३५०० | ५००० | ३८५०० |
| ५६ | १४५२१४३ | शिवो देवी पंडित | ५६०९ | पति विजय कुमार पंडित | पातो | ७ | सहुलियत कर्जा | २०००० | ३००० | २३००० |
| ५७ | १४५२१९२ | सुनिता कुमारी पंडित | ५६०४ | पति अशेश्वर पंडित | पातो | ९ | सहुलियत कर्जा | ३१००० | ३००० | ३४००० |
| ५८ | १४५५१६४ | बसन्ती देवी मण्डल | ५६०७ | पति धर्मदेव मण्डल | पातो | १ | सहुलियत कर्जा | ४०००० | ४००० | ४४००० |
| ५९ | १४५५२७३ | रेखा देवी मण्डल | ५६०३ | पति रामचन्द्र मण्डल | पातो | २ | सहुलियत कर्जा | ५७००० | १३००० | ७०००० |
| ६० | १४५५१३७ | रुकमिनी देवी यादव | ५६०६ | पति कृष्ण कुमार यादव | मलेकपुर | ५ | सहुलियत कर्जा | ५७००० | १३००० | ७०००० |

**कृषि विकास बैंक लि.**
**शाखा कार्यालय, बोदेवर्साइन, सप्तरी**

# फोहोर र प्रदुषण अन्त्य गर्न तथा वातावरण संरक्षण गर्न माग गर्दै प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २४ बैशाख ।**

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) र कायापलटले सप्तरीको शम्भुनाथ नगरपालिका ६ र ७ मा फोहोर र प्रदूषण अन्त्य गर्न तथा वातावरण संरक्षण गर्न माग गर्दै आइतबार बृहत प्रदर्शन गरेको छ ।

अधिकारकर्मी, युवा, विद्याथीहरूको सहभागितामा कठौनास्थित राजमार्ग, बुद्ध चोक, तिनकुने चौकमा प्ले कार्डसहित जुलुस प्रदर्शन गर्दै युवाहरूले "प्लाष्टिक म्यान क्याम्पियन"को आयोजना गरेको छ ।

जुलुसमा सहभागीहरूले पृथ्वीको संरक्षण गरौं, भविष्य जोगाऔं, प्लाष्टिक प्रयोग नगरौ, जथाभावी फोहोर नफालौ, हरित गृह ग्यास उत्सर्जन बन्द गरौ, वायु प्रदूषण अन्त्य गरौलगायतका नारा लेखिएका प्ले कार्ड बोकेका थिए ।

सहभागीहरूले सडकमा हिडिरहेका नागरिकहरूसँग वातावरण संरक्षणको आवश्यक्ता र नागरिकको जवाफदेहिता बारे छलफल समेत गरेका थिए ।

कार्यक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश कार्यालयका संयोजक राजु पासवान, इन्सेक सप्तरी प्रतिनिधि मनोहरकुमार पोखरेल, कार्यक्रम संयोजक बरुण बस्याल, शिक्षकहरू, कायापलटका अभियन्ताहरू, मधेश प्रदेशस्तरीय र शम्भुनाथ नगरस्तरीय मानवअधिकार समूहका पदाधिकारीहरू, बालअधिकार सचेतना समूह सदस्यहरूको सहभागिता रहेको थियो ।

# पोखरीमा डुबेर जुम्ल्याहा बालकको मृत्यु

धनुषा, २४ वैशाख (रासस) ।

जनकपुरधाममा पोखरीमा डुबेर एका घरका दुई बालकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार मृत्यु हुनेमा जनकपुरधाम उपमहानगरपालिका-२४ बस्ने अलिहसन अन्सारीका जुम्ल्याहा छोरा नौ वर्षीय मोहमद अल्कामा अन्सारी र मोहमद अब्दुल अन्सारी रहेका छन् ।

शनिबार साँझ जनकपुर- २४ बसहियास्थित गोगलप्रसाद नमूना मावि अगाडि रहेको पोखरीमा नुहाउने क्रममा दुवै बालकको मृत्यु भएको कार्यालयका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिनुभयो ।

बालक पोखरीमा डुबेको खबर प्राप्त हुनासाथ जिरोमाइलस्थित प्रहरी चौकीबाट खटिइगएको प्रहरी टोलीले उद्धार गरेर उपचारका लागि तत्काले प्रादेशिक अस्पताल जनकपुरधाममा पुऱ्याएका थिए । उपचारका क्रममा दुवै बालकको मृत्यु भएको प्रहरी नायब उपरीक्षक गौतमले बताउनुभयो । बालकको शव अस्पतालमै रहेको र घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## *अर्थतन्त्रमा समस्या...*

गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ ।"

सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्ने पनि प्रधानमन्त्री दाहालले बताउनुभयो । कृषि, पर्यटन, जलविद्युत् र उद्यमशीलतालाई प्राथमिकतामा राख्दै गर्दा घरेलु उत्पादन बढाउनु, निर्यातमा सुधार ल्याउनु र अर्थतन्त्रलाई उत्साहित बनाउनु सरकारको प्राथमिकतामा रहने उहाँको भनाइ छ ।

साथै, अर्थतन्त्रका बृहत् आर्थिक सूचक सकारात्मक बनाउन गरिने पहलबाट तरलता अभाव टारिने र वैदेशिक विनिमय सञ्चिति बढ्दै जाने हुनाले यसतर्फ सरकार गम्भीर रहेको दाहालले बताउनुभयो ।

# सत्तरी प्रतिशत सकियो हुलाकी राजमार्ग निर्माणको काम

काठमाडौं, २४ वैशाख (रासस) ।

राष्ट्रिय गौरवको हुलाकी राजमार्गमा हालसम्मको भौतिक प्रगति ७० प्रतिशत पुगेको छ । एक हजार आठ सय ५७ किमीमध्ये अहिलेसम्म नौ सय ५७ किमी कालोपत्र सकिएको छ ।

खासगरी वन क्षेत्र, केही समस्या रहेको क्षेत्रमा सडक बनाउन र लामो समयदेखि अलपत्र पुल सम्पन्न हुन बाँकी रहेको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ । अहिले अन्योल भएका ठाउँबाहेक अरुतिरको सडक कतै निर्माण भइसकेको छ भने कतै निर्माण भइरहेको छ ।

अहिलेसम्म दुई सय ११ किमी सडक निर्माणका लागि ठेक्कामा जान बाँकी रहेको आयोजना प्रमुख चुडाराज ढकालले बताउनुभयो । सत्तरी पुल पनि ठेक्कामा जान बाँकी छ । रेखाङ्कनमा पर्ने चितवन, नवलपुर खण्ड, कपिलवस्तु, बाँके र दाङ वनको क्षेत्रमा स्वीकृति नपाएका कारण निर्माण अघि बढेको छैन । उहाँले भन्नुभयो, "ती ठाउँमा के गर्ने भनी निर्णय आउन बाँकी छ ।"

सडकको रेखाङ्कन कतिपय खण्डमा पूर्व-पश्चिम राजमार्गको नजिकै पर्ने भएकाले त्यसैमा लगेर हुलाकी राजमार्ग जोड्ने कि रेखाङ्कनअनुसार बनाउन लाग्ने भनी निर्णय हुन बाँकी रहेको प्रमुख ढकालले बताउनुभयो । उहाँले भन्नुभयो, "पूर्व-पश्चिम राजमार्गलाई दुई लेन गरेर यसलाई पनि दुई लेन गर्ने कि दाङ, कपिलबस्तु, बाँकेमा वन क्षेत्रबाटै निर्माण गर्ने भनी निर्णय हुन बाँकी छ ।"

यो आर्थिक बर्षको प्रगति ६० प्रतिशत रहेको हुलाकी राजमार्ग निर्देशनालयले जनाएको छ । बाँकी अवधिमा काम गर्दा पहिले विनियोजित रकममात्रै पर्याप्त नहुने देखिएको उहाँले बताउनुभयो । यो आवमा रु दुई अर्ब थप रकम माग गरिएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "त्यो रकम आएर काम गर्दा यस वर्ष ९५ प्रतिशत प्रगति हुनेछ ।"

जम्मा दुई सय ५० किमी सडक कालोपत्र गर्ने योजना बनाइएको भए पनि अहिले दुई सय किमी कालोपत्र गर्न लागिएको उहाँले बताउनुभयो । कालोपत्रबाहेक यो आवमा अरु संरचनाको काम बढी भएकाले कालोपत्र कम गरिने योजना बनाइएको हो । यो आवमा हालसम्म आठ पुलको निर्माण सकिएको छ भने सात सकिने क्रममा छन् ।

दाङको शिवगढी मन्दिरबाट कपिलवस्तु, दाङ र बाँकेको केही क्षेत्रसम्म बस्ती नभएको वन क्षेत्र रहेको प्रमुख ढकालले बताउनुभयो । लमहीबाट पश्चिम निकुञ्ज र वन क्षेत्र सबै जङ्गल नै जङ्गल रहेको छ । उहाँले भन्नुभयो, "चुरेमा साढे तीन किमी सुरुङ बनाउन सकिने पनि सम्भावना रहेको छ ।"

राष्ट्रिय गौरवको हुलाकी राजमार्ग पहिले हुलाकी पुल आयोजनाका रूपमा रहेको थियो । आव २०६५/६६ मा भएको समझदारीमा भारतीय प्राविधिक र निर्माण व्यवसायी उताबाट आएर बनाउने भन्ने योजना बनेको थियो । बिभिन्न कारणले त्यो स्वरूपमा काम हुनसकेको थिएन । भारतीय पक्षले बीचैमा छाडेर फर्किएपछि आव २०७३/७४ मा हुलाकी राजमार्ग आयोजना निर्देशनालय बनेर सरकारले बाँकी निर्माण अघि बढाएको थियो ।

योजनाअन्तर्गत नै आठ सय ८१ किमी लम्बाइको शाखा सडक (फिडर सडक)को निर्माण भइरहेको छ । यसमध्ये दुई सय ४५ किमी भारत सरकारले र बाँकी नेपाल सरकारले निर्माण गर्ने समझदारी थियो । भारत सरकारले निर्माण सम्पन्न गरेर हस्तान्तरण गरिसकेको छ भने बाँकीमा सरकारले निर्माण गरिरहेको छ ।

राष्ट्रिय योजना आयोगले हुलाकी राजमार्ग आयोजना आव २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले भने विगतका वर्षमा कोभिडका कारणले निर्माण हुन नसकेकाले पनि राष्ट्रिय गौरवका सडक योजनाको लक्षित समय बढाउनुपर्ने बताएको छ ।

हुलाकी राजमार्गलाई तराई/मधेसको समृद्धिको लक्ष्यसहित सुरु गरिएको हो । यो पूर्वी तराईलाई पश्चिम तराईसम्म जोड्ने मार्ग पनि हो । मधेस क्षेत्रमा देशभरको झन्डै आधा जनसङ्ख्या बसोबास गर्ने भएकाले आयोजना सम्पन्न भएपछि त्यहाँका नागरिकको पहुँच बढ्ने अपेक्षा गरिएको छ । त्यस क्षेत्रको व्यापार, कृषिलगायतका क्षेत्रमा राजमार्गले नयाँ सम्भावना खुल्ने सरकारले अपेक्षा गरेको छ ।

## *नेपाली नागरिकता ...*

घर भई काठमाडौंको शंखमुल बस्ने ५५ वर्षीय भरतप्रसाद गुप्ता, ३० वर्षीय राहुल गुप्ता, ५० वर्षीया ज्ञानमति देवी गुप्ता र ३९ वर्षीय गोपाल गुप्ता छन् ।

यस्तै बिहार नै घर भई ललितपुरको लगनखेल बस्ने ४४ वर्षीय रामसुन्दर गुप्ता, गोंगबु बस्ने ४३ वर्षीय रामप्रवेश गुप्ता, कलंकी बस्ने ४६ वर्षीय भरत गुप्ता, ४२ वर्षीया स्नेहलता गुप्ता, ४९ वर्षीया मिनदेवी गुप्ता र ५२ वर्षीया राजेशकुमार गुप्ता छन् ।

भारतको उत्तर प्रदेशका स्थायी बासिन्दा भए पनि उनीहरुले नक्कली कागजात पेश गरेर नेपाली नागरिकता लिएको पाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

उनीहरुले जिल्ला प्रशासन कार्यालय पर्सा, बारा, सिरहा, रुपन्देहीलगायतका जिल्लाबाट नेपाली नागरिकता लिएको पाइएको छ । उनीहरूको सन् २०२१ देखि अहिलेसम्म पनि भारतीय मतदाता परिचय पत्रमा नाम छ ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु
➢ सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
➢ सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
➢ सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
➢ गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
➢ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*